# गाउँपालिका अध्यक्ष श्री तुल्सीराम पुन मगर ज्यूद्धारा दोस्रो गाउँसभाको पहिलो अधिवेशनमा प्रस्तुत भएको

# आ.ब. २०७९/०८० को
# वार्षिक नीति तथा कार्यक्रम

बंगलाचुली गाउँपालिका
कमिरेचौर, दाङ्ग
०९ असार २०७९

**यस गाउँ सभाका अध्यक्षज्यू,**

**यस गाउँसभाका सदस्य ज्यूहरु,**

- नेपालको संविधान जारी भएपछि भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट बंगलाचुलीगाउँपालिकाको यस गरिमामय गाउँ सभामा गठन भएको छ ।निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न निर्वाचन मार्फत गठित यस गाउँ सभामा आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदागौरव महसुस गरेको छु ।
- गत मिति २०७९ बैसाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनमा हामिलाई आफ्नो अमुल्य मतदान गरि विजयी गराउनुहुने सम्पुर्ण बंगलाचुलीबासीजनसमुदाय लाई धन्यवाद दिन चाहन्छु ।
- जनचाहना अनुरुप नागरिकको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहने स्थानीय तहले प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजवुत बनाएको छ । नयाँ जनादेश सहित निर्धारित समयमा नै स्थानीय तहको गठन भएसंगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धीको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन थप सबल आधार प्राप्त भएको छ ।
- यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जनयुद्ध,जनआन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।जनयुद्धर जनआन्दोलन,वेपत्ता पारिनुभएका नागरिक,घाईते,अपाङ्ग व्यक्तिहरुको उच्च सम्मान गर्न चाहान्छु ।

- बंगलाचुली गाउँपालिकाको **"सबै मिलीजुली, हामी बनाउँछौं हाम्रो बंगलाचुली"** को दिर्घकालिन सोच हासिल गर्न प्रथम पञ्चवर्षिय योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक-सामाजिक रुपान्तरण सहितको समानुपातिक समावेशी विकास हाँसिल गर्ने दिशामा आगामी कार्यक्रमहरु केन्द्रित रहेका छन् ।

- वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरु हासिल गर्दै नेपाललाई उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरउन्नति गर्न नेपाल सरकारका कार्यक्रमहरुलाई स्थानीय तहमा स्थानीयकरण गर्दै लगिएको सन्दर्भमा नेपाल सरकार र प्रदेश सरकारका नीति, लक्ष्य, योजना तथा कार्यक्रमहरुलाई यस गाउँपालिकाका नीति, लक्ष्य, योजना तथा कार्यक्रमहरु मार्फत आन्तरिकीकरण गर्दै दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य हासिल गर्न यस गाउँपालिकाका विविध योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछन् ।

- स्थानीय सरकार जनताको त्याग र बलिदान बाट प्राप्त उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनता प्रति उत्तरदायी सरकार, भ्रष्टाचार र सबैखाले आर्थिक अनियमितता मुक्त पालिका निर्माण तथा सभ्य र सु–संस्कृत समाज एवंम आफ्नो कर्तव्य प्रति दृढ रहनु यस गाउँपालिकाका आदर्श हुनेछन् । गाउँको अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित बंगलाचुली गाउँपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यासको क्रममा सहयोग गर्नुहुने राजनीतिक दल, कर्मचारी, सुरक्षाकर्मी, संचारकर्मी तथा बंगलाचुली गाउँवासी प्रति धन्यवाद ज्ञापन गर्दछु ।

**अब सभाअध्यक्ष महोदय,**

**म यस अघि विकास र समृद्धिकालागि चालिएका महत्वपूर्ण प्रयास र सो प्रयासबाट सिर्जित अवसरहरुलाई प्रस्तुत गर्न चाहन्छु ।**

- मिति २०७४ सालको निर्वाचनबाट यस पालिकामा निर्वाचित भई आफ्नो पाँच बर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न गर्नुभएका सम्पूर्ण जनप्रतिनिधिज्युहरुप्रति हार्दिक आभार प्रकट गर्दै यस क्षेत्रको विकास, समृद्धि र सेवाप्रवाहका लागि उहाँहरुले पुर्याउनुभएको योगदानको उच्च मुल्यांकन गर्न चाहन्छु ।
- संघीय सरकार र गाउँपालिकाको साझेदारीमा कमिरेचौरमा १५ शैयाको बंगलाचुलीआधारभूत अस्पतालको मूख्य भवन निर्माण कार्य सम्पन्न भई सुविधा सम्पन्न अस्पताल व्यवस्थापन तथा संचालनका लागि थप संरचना निर्माणको कार्य अन्तिम चरणमापुगेको छ, गाउँपालिकाको आफ्नै पहलमा प्रयोगशाला, एक्स-रे र १ जना चिकित्सक, अन्य स्वास्थ्यकर्मी सहितको अस्पतालमा सेवा प्रारम्भ गरिएको छ। र आगामि आ.ब. देखि फार्मेसि सेवा सञ्लनमा ल्याईनेछ ।
- स्वास्थ्य चौकी नभएका वडा नं २, ४, ६, र ७ मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भई सेवा प्रारम्भ भएको छ ।
- कोभिड-१९ को माहामारीको रोकथाम, नियन्त्रणका लागि कोभिड विरुद्धको खोप विभिन्न उमेर समुहका ६९प्रतिशतनागरीक तथा वालवालिकाहरुलाई लगाईसकिएको छ ।
- गाउँपालिकाको आफ्नै व्यवस्थित र अत्याधुनिक सुविधायुक्त प्रशासकीय भवन निर्माण सम्पन्न भई अन्य कार्यालय संरचना निर्माण तथा व्यवस्थापन गरी सेवा प्रवाह गरि आइएको छ भने६ वटा वडा कार्यालयहरुको आफ्नै भवनमा संचालन भएका छन् र बाँकी २ वडा कार्यालयहरु समेत साविकको सेवा केन्द्रवाट सञ्चालनमा आएकोमा सिघ्र नै आफ्नै जग्गामा भवन निर्माण कार्य थालनी गरिनेछ ।
- विपन्न र जोखिम युक्त खरका छानो भएका नागरिकका लागि २२०० घरमा खरका छाना मुक्त कार्यक्रम सम्पन्न भएको छ र बाँकी ६०० घरमा यसै आ.व. भित्र कार्य सम्पन्न हुने गरी अगाडी बढेको छ।
- संघिय सरकार, प्रदेश सरकार, गाउँपालिका र अन्य साझेदारहरुको सहकार्यमा जरुवा, पुठा, कैयनपानी, कब्जा, छिप्पन, झाक्रिखोला, कैयनगैरा, जुडोपानी, कोइराले, खानेपानी आयोजना,खाडा-मर्पेस, गर्ज्याङ्ग-टाकुरा, ठुलो बडीखोला-दार्मा खानेपानी आयोजना,ठुलो खोला लिफ्ट खानेपानी आयोजना,कात्तिके, तिखेचुली खानेपानी आयोजना,ठुलो खोला लिफ्ट खानेपानी आयोजना,गदारी, पुरुङ्ग, काभ्रे, जुम्लेपानी, गहतेरा खानेपानी आयोजना, मुर्कुटी सामुदायिक खानेपानी आयोजना,अमारे, तिमिले, रिभान, आरुगैरा, सिउडे, गदारी खानेपानी आयोजना, विर्खे लिफ्ट खानेपानी आयोजना, स्वामीघाट, देउरराली डाँडा,हाँसिपुर खानेपानी आयोजना,रानीबास खानेपानी आयोजना,झिगा खानेपानी आयोजनासम्पन्न भएका छन् ।
- साथै,तापा खानेपानी आयोजना,बंगलाचुली, साकिने, लाहापे, थुक्का, लाहापे लामाटोल खानेपानी आयोजना,लोहारपानी, जैरे-कुरे, झाक्रिरह-रोकिन्डाँडा खानेपानी आयोजना,जलजला सोलार लिफ्ट खानेपानी आयोजना,टोड्केलेख, जोरेगेल, वचेनी खानेपानी आयोजना,सुन्दरवस्ती जबरकोट, जैरे-कुरे, छाँपडाँडा-जबरकोट खानेपानी आयोजना,हाँसिपुर लिफ्ट, टिकुलिदमार, डाङ्गडुङ्गे खानेपानी आयोजना निर्माण चरणमा रहेका छन् ।
- गाउँपालिकाको गुरुयोजना, आवधिक योजना, सडक यातायात गुरुयोजना, डिजिटल पार्श्वचित्र, अन्य क्षेत्रगत गुरुयोजना, मापदण्डहरु, कानुनहरु, विभिन्न पूर्वाधारहरुको डि.पि.आर. र गुरुयोजना निर्माण भई कार्य अघि बढेको छ ।
- गाउँपालिका केन्द्र र वडा केन्द्र जोड्ने स्थानीय सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भई स्तरोन्नतीका कार्यहरु अगाडि बढेका छन् । संघ तथा प्रदेशको लगानी तथा गाउँपालिकाको सक्रियतामा वि.पि मार्ग, गणतन्त्र मार्ग, मसिना-बोझपोखरा-अरङ्गखोला सडक, हर्नोक-बढिपोखरा-स्युजा सडक, स्वामिघाट-स्याला-विर्खे सडक, मुलाबारी-लाहापे-बडडाँडा सडक, अजय-भरत कृषि मार्ग, सिउडे-अमारे सडक, झेल्नेटा-फलिदे-कोल सडक, जुम्लेपानी-गहतेरा-सिमलतारा सडक लगायतका रणनैतिक तथा वैकल्पिक सडकहरु विस्तार कार्य तिब्र रुपमा अगाडि बढेको छ ।
- पाँच वटा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भई थप २ वटा पुलहरु निर्माण हुने क्रममा छन् ।
- शिक्षाको गुणस्तर अभिबृद्धिको लागि स्थानीय करार शिक्षक अनुदान कार्यक्रममा शिक्षक कर्मचारी भर्ना गरि शिक्षालाई सहज र गुणस्तरीय बनाईएको छ ।

- विद्युतिय शासन तथा सेवा प्रवाह गर्न प्रशासकिय भवन, ८ वटै वडा कार्यालय, अस्पताल, स्वास्थ्य चौकी र विद्यालयहरुमा ईन्टरनेट जडान कार्य भएको छ ।
- सुधा मा.बि. झेल्नेटामा प्राविधिक शिक्षालय संचालनमा आएको छ । महेन्द्र मा.वि. श्रीवारी नमूना विद्यालयको रुपमा छनोट भई कार्य अगाडी बढेको छ । ५ वटा माध्यमिक विद्यालयमा १० जोड २ कक्षा सुरु भएको छ ।
- आपतकालिन स्वास्थ्य उपचारको लागि २ वटा एम्बुलेन्स संचालनमा रहेको र १ एम्बुलेन्स वटा खरिद प्रक्रियामा रहेको छ।
- संघ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा खेलकुद मैदान, बहुउद्देश्यिय सभाहल, स्मार्ट एग्री भिलेज, शितभण्डार, बंगलाचुली पर्यटकीय क्षेत्र, धिमधिमे पर्यटकिय क्षेत्र, रानीथुम्की पर्यटकिय क्षेत्र, उजा बागेश्वरी मन्दिर, कोशेली घरजस्ता पूर्वाधार तथा पर्यटकिय क्षेत्रको विकास अगाडी बढेको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम, गरिबि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम तथा अन्य लक्षित कार्यक्रम मार्फत आयमुलक, रोजगारीमुलक, सामाजिक न्याय तथा श्रममा आधारित कार्यक्रमहरु अगाडि बढेका छन।
- न्यायिक समितिको मार्फत स्थानीय स्तरमा भएका मामिला र विवादहरुलाई पालिकाभित्रै समयमै समाधान गरिएको छ ।
- एक वडा एक कृषि प्राविधिक कार्यक्रम मार्फत कृषि र पशु सेवालाई जनताको घरदैलोमा पुर्याउनका लागि एक/एक वटा प्राविधिकहरुको ब्यवस्था गरिएको छ ।
- बंगलाचुली गाउँपालिकाको आफ्नै पूर्ण स्वामित्वमा ५०० वाट क्षमताको एफ.एम.रेडियो संचालनमा ल्याई सूचना तथा समाचारको माध्यमबाट जनताको सूचनाको हकलाई जनता समक्ष पुराउने काम गरिरहेको छ ।
- सूचना तथा संचार प्रविधिको विकासलाई आत्मसात गर्दै व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालिलाई अनलाइनमा आधारित दर्ता प्रणाली ८ वटै वडामा लागु गर्दै डिजिटाइजेशनको कार्य सम्पन्न भएको छ ।

**सभाअध्यक्ष महोदय,**

राज्यको पुनर्संरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहका सरकारको हक, अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन् । संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघ तथा प्रदेश नीति तथा योजना, स्थानीय तहको अधिकार क्षेत्र स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सहकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७५, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७८, पाँच वर्षको अनुभवर यस गाउँपालिकाको आवश्यकता र सम्भावनाका आधारमा यस गरिमामय सभामा आर्थिक वर्ष २०७९/८०को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

<u>स्वास्थ्य तर्फ</u>

हरेक नागरिकको वृत्ति विकासका लागि स्वस्थ रहनु अनिवार्य छ । यसर्थ बंगलाचुली गाउँपालिकामा नागरिकको स्वास्थय सेवाका लागि **स्वस्थ जीवन नागरिकको अधिकार, स्थानीय सरकारको मुख्य कार्यभार** भन्ने मूल लक्ष्य लिई आर्थिक वर्ष २०७९/०८० का लागि स्वाथ्य तर्फ निम्न नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

- प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी मार्फत सुरक्षित मातृत्व,वाल पोषण, खोप जस्ता कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।
- प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य केन्द्रलाइ स्वास्थ्य ईकाईलाई स्वास्थ्य चौकीका रुपमा विकसित गरिने छ ।
- निःशुल्क उपलब्ध हुने अतिआवश्यक औषधिहरु स्वास्थ्य परीक्षण र आवश्यकताका आधारमा वितरण गरिने छ ।
- अतिविपन्न तथा मजदूरहरुका लागि परिचयपत्रका आधारमा निःशुल्क उपचारको ब्यवस्था मिलाइने छ ।

- सरकारले अघि सारेको स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारीरुपले अघि बढाइने छ र यसको उपलब्धतालाई सहज बनाइने छ ।अति विपन्न घरधुरीलाई निशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिने छ ।
- वडा स्तरमा नागरिकको आकस्किम स्वास्थ्य सेवालाई ध्यानमा राखी सुत्केरी एम्बुलेन्स सेवालाई विस्तार गर्दै लगिनेछ ।
- गाउँपालिका भित्र रहेका गर्भवती महिलालाई सुरक्षित रुपमा स्वास्थ्य संस्थामा नै आएर बच्चा जन्माउनका लागि प्रोत्साहित गरिनेछ । यस्का लागि गाउँपालिकामा रहेको स्वास्थ्य शाखा मार्फत वडामा रहेका गर्भवती महिलाको सुची नियमित रुपमा अद्यावधिक गरी प्रोत्साहन गरिनेछ ।
- जनताको आधारभूत मौलिक हकको रुपमा रहर्को स्वास्थ्य सेवालाई सर्वसुलभ तथा गुणस्तरिय बनाई सबैको सहज पहुँच सुनिश्चित गरिनेछ ।
- अल्जाईमर, क्यान्सर, पर्किन्सन, मुटु, मिर्गौला, अटिज्म,स्पाइनली इन्जुरी, सिकलसेल, एमिनिया जस्ता दिर्घरोगबाट पीडित बिरामीको उपचारमा सहयोग गर्न उपचार सहायता कार्यक्रम  सञ्चालन गरिनेछ ।
- बंगलाचुली अस्पताललाई विशेषज्ञ सहितको सेवा प्रवाह गर्ने अस्पतालको रुपमा विकास गर्न अस्पतालको क्षमता अभिवृद्धि गरी फार्मेसी संचालनमा ल्याइनेछ र अत्यावश्यक थप पूर्वाधारको विकास तथा सुदृढिकरण गरिनेछ ।
- घुम्ती स्वास्थ्य तथा प्रयोगशाला शिविरमार्फत स्वास्थ्य संकट देखिएका वडाका दुर्गम स्थानहरुमा तत्काल स्वास्थ्य सेवा पुऱ्याइनेछ ।
- प्राथिमक स्वास्थ्य केन्द्र स्युजामा फार्मेसी र स्वास्थ्य चौकी हाँसिपुर र लोहारपानीमा सामुदायिक औषधी कार्यक्रम विस्तार गरिनेछ ।
- स्थापना भएका सबै स्वास्थ्य संस्थाहरुमा क्रमशः प्रयोगशाला सेवा सुचारु गरिनेछ ।
- हाँसिपुर आयुर्वेद अस्पतालको भवन निर्माण सम्पन्न गरी वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ ।
- मातृ-शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै बर्थिङ्ग सेन्टरलाई श्रोतसाधनसहित व्यवस्थित गरिनेछ । जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षार्थ आएको प्रसुति पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिइनेछ ।
- दुर दराजमा रही स्वास्थ्य उपचारमा उलेख्य योगदान गरेवापत सम्पूर्ण महिला स्वयंसेविकाहरुलाई प्राप्त हुँदै आएको सुविधामा वृद्धि गरिनेछ ।
- जेष्ठ नागरिक घरदैलो कार्यक्रमलाई निरन्तरता गरिनेछ ।
- ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई घरदैलो मै पुगी स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ ।
- कोरोना विरुद्धको खोप कार्यक्रम यस पालिकामा नेपाल सरकारको मापदण्ड अनुसार लक्ष्य हासिल गर्ने गरी खोप कार्यक्रम प्रभावकारी बनाईनेछ ।

**सभाअध्यक्ष महोदय,**

<u>उद्योग तथा रोजगारी तर्फ</u>

औद्योगिक विकासबिना समृद्धि सम्भव छैन । उद्योग तथा रोजगारीका लागि यस गाउँपालिकामा निम्न नीति तथा कार्यक्रम तय गरिएको छ ।

- यस क्षेत्रभित्र विभिन्न खाले घरेलु तथा साना उद्योगहरुको स्थापना र सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । मुख्यरुपले स्थानीय कच्चा पदार्थ, स्थानीय कला र सीप, स्थानीय प्रविधि र जनशक्ति प्रयोग गर्ने उद्योगहरुलाई प्रोत्साहान गर्नुका साथै त्यस्ता उद्यमीहरुलाई आवश्यक सिप तथा वस्तुगत सहयोग प्रदान गरिने छ ।
- आदर्श उद्यमी कार्यक्रम सञ्चालन गरिने छ ।

- उद्योगहरुको स्थापना र सञ्चालनमा वातावरणीय प्रभाव मूल्यांकनलाई विशेष गरी ठुला उद्योगहरुलाई व्यवस्थित गरिने छ ।
- स्थानीयस्तरमा सहकारीका माध्यमबाट समेत उद्योगहरुको स्थापना र सञ्चालन अगाडि बढाइने छ ।
- 'गाउँगाउँमा सहकारी, घरघरमा रोजगारी' कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकामा सहकारी स्थापनाको कार्यालाई प्रोत्साहान गरिने छ ।
- 'एक घर एक रोजगारी' कार्यक्रम अगाडि बढाइने छ । रोजगारी श्रृजना गर्न स्वरोजगार मुलक काम लगाईनेछ ।
- एक वडा, एक लघुउद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकामा उद्योगहरुको स्थापना, सञ्चालन र सम्बद्र्धनका लागि गाउँपालिकाले अभिभावकत्वको भूमिका निर्वाह गर्नेछ ।उद्योग मैत्री वातावरण निर्माण गरी उद्योग लगाएत उत्खनन् भईरहेका खानीहरुलाई व्यवस्थित गरिने छ। त्यी उद्योगहरुलाई गाउँपालिका प्रति उत्तरदायी बन्ने वातारण बनाईने छ ।
- स्थानीय ज्ञान, सिप, श्रोत, साधन तथा परम्परागत एवम् आधुनिक प्रविधि उपयोग गर्दै उत्पादन एवम् उद्यमशीलतालाई प्रबर्द्धन गरी युवाहरुलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने नीति लिइनेछ ।
- स्थानीयस्तरमै न्यूनतम रोजगारी एवम् जीविकोपार्जनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम निरन्तरता दिइनेछ ।
- निर्यातमूलक उद्योग तथा व्यवसायहरुको स्थापना, विकास, विस्तार, प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्दै आत्मनिर्भर एवं दिगो स्थानीयआर्थिक विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- युवा तथा लक्षित वर्गलाई स्वदेशमै स्वरोजगार बनाउन होम-स्टे सञ्चालन, औद्योगिक जनशक्ति विकास एवम् उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- बंगलाचुलीको जडिबूटी अल्लो, लोक्ता, बाबियो, केतुकी,टिमुर, दालचिनी, सुगन्ध कोकिला(मालागेडी), समायो र गडिरे आदि जस्ता स्थानीय कच्चा पदार्थको विकास तथा प्रबर्द्धनको लागि सार्वजनिक-निजी साझेदारीमा विकास गरिनेछ ।
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने नवप्रवर्द्धन एवम् सिर्जनशील उद्यमशिलतालाई प्रोत्साहन गर्न लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सृजना र सिर्जित उद्यमीहरुको स्तरोन्नतीसँगै आवश्यक सिप तथा वस्तुगत सहायता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- यस क्षेत्रका चुनढुङ्गा खानीहरुलाई व्यवस्थित तबरले संचालन गर्न विभिन्न Exit Point हरुमा धर्मकाँटा राखी सञ्चालनमा ल्याइनेछ ।

**सभाअध्यक्ष महोदय,**

<u>कृषि तथा पशुपालन तर्फ</u>

कृषि हाम्रो अर्थतन्त्रको प्रमुख आधार हो । कृषि क्षेत्रको समग्र रुपान्तरणविना समृद्धि संभव छैन । हाम्रो कृषि अहिले पनि निर्वाहमुखी रहिआएको छ । यसको आधुनिकीकरण र व्यवसायीकरण मार्फत उत्पादनमा वृद्धि गरिनुका साथै उत्पादित वस्तुलाई बजारको ग्यारेन्टी हुनेका खालका कार्यक्रमहरु अत्यावश्यक छन् । यस गाउँपालिका अन्तर्गतको अधिकांश भूभाग कृषि उत्पादनका लागि उपयुक्तसमेत छ । तसर्थ कृषि क्षेत्रको प्रबर्धनका लागि "कृषिका लागि सहज रुपमा अनुदान र ऋण,बंगलाचुलीमा फेरिनेछन् अब किसानका दिन" भन्ने नारा तय गरीनिम्न नीति तथा कार्यक्रम प्राथमिकताका साथ अगाडि बढाइने छः

- कृषिको ब्यावसायीकरण र आधुनिकीकरणका लागि गाउँपालिकाकाले कम्तिमा १/१ जना पशु तथा बाली विज्ञसहित हरेक वडामा कृषि प्राविधिकको व्यवस्था गरिने छ ।
- गाउँपालिकाले उपलब्ध साधन स्रोतको सीमाभित्र रही कृषकहरुलाई अनुदान र सहुलियतपूर्ण ऋण सहयोग उपलब्ध गराउनआवश्यक तयारी गरिने छ ।

- विभिन्न वडाहरुमा त्यहाँको वातावरण र भौगोलिक बिबिधताका आधारमा 'एक वडा, एक उत्पादन' कार्यक्रमलाई अगाडि बढाइने छ । जस्तो टिमुरखेती , किबी खेती, कागती खेती, सुन्तला खेतीको पकेट क्षेत्रको रुपमा गाउँपालिकाकै पहलमा अगाडि बढाइने छ । त्यसैगरी पछिल्लो समय दाङ जिल्ला मह उत्पादनको हव बन्दै गएकाले सामूहिक मौरीपालन गर्ने किसानलाई अनुदानको रुपमा आधार चाकासहितको घार उपलब्ध गराइने छ ।
- उत्पादन बृद्धिसँगै उत्पन्न हुने बजारीकरणको समस्या समाधानका लागि टोलटोलमा समूह निर्माण तथा सहकारीका माध्यमबाट 'कृषि उत्पादन संकलन केन्द्र' मार्फत बजारीकरणको व्यवस्था मिलाइने छ ।
- कृषक परिचयपत्र बनाई कृषि विमा र संघिय सरकारले अघि सारेको कृषक पेन्सन कार्यक्रम लाई प्रभावकारीताका साथ कार्वान्वियन गरिने छ ।
- प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी मल, बीउविजनलगायत कृषि सामग्रीको समयमै पर्याप्त उपलब्धतालाई सुनिश्चित गरिने छ ।
- व्यावसायिक र आधुनिक खेती गर्न चाहने कृषक समूहलाई निःशुल्क वीउ र कृषि औजार उपलब्ध गराउनुका साथै प्राविधिक सहयोग उपलब्ध गराइने छ ।
- कृषि उपज भण्डारणका लागि शीत भण्डारण केन्द्रहरुलाई विस्तार गर्दै लगिने छ ।
- विभिन्न मापदण्ड बनाई बार्षिकरुपमा गाउँपलिका अन्तर्गतका कृषकहरुबाट 'उत्कृष्ट किसान' छनौट गरी सम्मान गर्ने ब्यवस्था मिलाइने छ ।
- यस गाउँपालिकालाई कृषि तथा पशुपंक्षीजन्य वस्तु उत्पादनमा आत्मनिर्भर मात्र नभई निर्यातमुखी बनाइने छ ।
- बंगलाचुली युवा कृषि रोजगार कार्यक्रम सञ्चालन गरिने छ ।
- परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण, व्यावसायिक, प्रतिस्पर्धात्मक र उच्च मूल्यमुक्त बनाउन आवश्यक नीतिगत, संस्थागत र जनशक्ति व्यवस्थापन गरी **प्राङ्गरिक गा.पा. को रुपमा विकास गर्ने नीति** लिइनेछ ।
- टुक्रे कृषि गतिविधिलाई निरुत्साहित गर्दै कृषि तथा पशुपालनको विस्तृत सम्भाव्यता अध्ययन गरी उत्पादन, भण्डारण, प्रशोधन, र बजारीकरणको एकीकृत कृषि विकास योजना निर्माण गरिनेछ।
- आधुनिक कृषि प्रणालिलाई आत्मसात् गर्दै माटो अनुसारको उत्पादन कार्यलाई प्रोत्साहित गर्न प्रादेशिक तथा संघीय सरकार र अन्य साझेदार निकायसँग समन्वय र साझेदारीमा माटो परिक्षण कार्यशाला संचालन गरिनेछ ।
- स्थानीय तहमा सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहकार्यमा कृषि हाट बजार, कोशेली घरस्थापना तथा संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- बाँझो छोडिएका खेतियोग्य जमिनलाई विकास तथा उपयोग गर्न सामुहीकरुपमा कृषि उत्पादन गर्ने किसानहरुलाई प्रोत्साहान गरिने छ । गह्रो सुधार कार्यक्रम संचालन गरिने छ ।
- भूमिको उचित उपयोगका लागि जोखिम संवेदनशिल भू-उपयोग गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरी व्यवासयिक करार खेती, सहकारी खेती र सामूहिक खेती गर्न उत्पेरित गरिनेछ ।
- पशुपालन मार्फत स्थानीय स्वरोजगार वृद्धि गर्दै पशुपन्छीजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउनुका साथै यस्ता उत्पादनको निर्यातलाई प्रवर्द्धन गरी आर्थिक विकास गर्ने नीति लिइनेछ ।
- व्यावसायिक एवम् उन्नत नश्लका पशुपन्छी, माछापालन, मौरीपालन र उच्च मूल्यका पशुपन्छीपालन व्यवसायलाई प्रोत्साहन दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सन् २०३० सम्म पी.पी.आर., खोरेत, रेबिज रोग नियन्त्रण तथा उन्मूलन गर्ने अन्तराष्ट्रिय लक्ष्यअनुसार भ्याक्सिन तथा औषधि यथा समयमै दिने पहल गरिनेछ ।
- व्यावसायिक पशुपालक किसानलाई निशूल्क पशुविमा गरिनेछ ।
- समाजवाद उन्मुख सामाजिक, आर्थिक प्रणाली प्रबर्द्धनका लागि मर्यादित, गुणस्तरिय, विधिसम्मत र सुशासनयुक्त सहकारी क्षेत्रको विकास गरिनेछ ।खेर गइरहेका सार्वजनिक जग्गामा सामुहिक खेती कार्यक्रम बनाईने छ ।
- नगदेवाली कृषकलाई मल विउ विषादी प्राविधिक सहयोग निशुल्क गरिनेछ । कृषक एम्बुलेन्स सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

- विभिन्न महामारी तथा विपद्को कारण उत्पन्न हुनसक्ने सम्भावित खाद्य संकट समाधान गर्दै खाद्य सुरक्षाको सुनिश्चितता गर्न अत्यावश्यक खाद्य उत्पादन, भण्डारण, वितरण र आपूर्तिको लागि समन्वय गरिनेछ ।
- सरोकारवाला र नियमनकारी निकायहरुसँगको समन्वयमा गुणस्तर परिक्षण र प्रभावकारी बजार अनुगमन गरी दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्तिको प्रबन्ध मिलाईनेछ ।
- सम्भावित विपद्लाई समेत मध्यनजर गर्दै कृषकसँग कृषि उपज सङ्कलन र भण्डारणका लागि **एक वडाः एक अन्न भकारी** स्थापना गर्न प्रोत्साहनगरिनेछ।
- स्थानीय उत्पादनको बजारीकरण, निर्यात र उपभोगमा विशेषप्राथमिकता दिइनेछ । उत्पादित वस्तुको आन्तरिक खपत वृद्धि गर्न सहकारी तथा निजी क्षेत्रलाई **बंगलाचुली कोशेली गृह**लाई अविलम्ब सञ्चालनमाल्याईनेछ ।

<u>शिक्षा तर्फ</u>

शिक्षा राष्ट्र विकासका लागि पूर्वाधारको पनि पूर्वाधार हो । संवैधानिक ब्यवस्थाअनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको मातहत रहेकाले गुणस्तरीय शिक्षा र शिक्षामा सबैको पहुँच स्थापित गर्न निम्नाअनुसारको व्यवस्था गरिनेछ ।

- यस गाउँपालिकाकाभित्र रहेका मुख्य विद्यालयलाई 'लिड स्कूल'का रुपमा विकास गरिनेछ, जहाँ सबैखालका सुविधाहरु पर्याप्त मात्रामा उपलब्ध हुनुका साथै अत्याधुनिक सिकाइ पद्धति लागु गरिने छ । यो कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लगिने छ । यसैगरी गाउँपालिकामा नमुना विद्यालयहरुको संख्यामा पनि वृद्धि गर्दै लगिनेछ ।
- यस गाउँपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक (सरकारी) विद्यालयहरुमा दरबन्दीअनुसारको बिषयगत शिक्षक परिपूर्ति गरिने छ ।
- यस गाउँपालिकाका सरकारी विद्यालयमा प्राविधिक धारतर्फको शिक्षालाई प्राथमिकताका साथ अगाडी बढाइनेछ । प्राविधिक धारतर्फको शिक्षामा खासगरी मजदूर,विपन्न ,सहिद, घाईते अपाङ्ग,वेपत्ता परिवारका जेहेन्दार छात्रछात्राहरुलाई बिशेष नीति बनाई प्राविधिक शिक्षाको अवसर प्रदान गरिने छ ।
- यस गाउँपालिकाले प्राविधिक धार तर्फ उच्च शिक्षाका लागि छनौट हुने कम्तिमा दुई जना गरिव तथा जेहेन्दार विद्यार्थिहरुलाई गाउँपालिकाले सशर्त पूर्ण छात्रवृति उपलब्ध गराउने छ ।
- गाउँपालिकाभित्र विभिन्न सीपमूलक तालिम प्रदायक संस्थाहरु स्थापना कार्यलाई प्रोत्साहन गरिनेछ । उनीहरुसंग समन्वय गरी सरकारी सेवा तथा संस्थानका आयोगहरुमा प्रतिष्पर्धा गर्न चाहनेहरुका लागि तयारी कक्षा तथा विभिन्न पेशा ब्यवसायमा प्रवेश गर्नेहरुका लागि निश्चित संख्यामा निःशुल्क तालिमको ब्यवस्था गरिने छ ।
- सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा सुविधासम्पन्न बनाउँदै शैक्षिक गुणस्तर बृद्धि गर्न गुरुयोजना निर्माण गरिने छ ।
- शिक्षालाई उत्पादन तथा जीवन जगतसँग जोड्न शिक्षकहरुलाई आवश्यक विषयगत तालिमको ब्यवस्था गरिने छ ।
- यस गाउँपालिकाभित्र जन्म भई विद्यालय तहसम्म अध्ययन पश्चात हाल गाउँपालिका बाहिर रहेर विज्ञता हासिल गर्नुभएका सफल व्यक्तिहरुलाई सम्पर्कमा ल्याई गाउँपालिकाको विकासमा आफ्नो विज्ञताको प्रयोग गर्न प्रोत्साहित गर्ने कार्यक्रम बनाइने छ ।
- यस गाउँपालिकाभित्र बाहिरबाट अनुसन्धानमा आउने चाहनेहरुलाई प्रोत्साहन गरिने छ । हरेक बर्ष फरक फरक शीर्षकमा अनुसन्धानकर्ता व्यक्ति वा संस्थासँगको सहकार्यमा अनुसन्धानका काम अगाडि बढाइने छ ।
- फरक क्षमता भएका बालबालिकाको शिक्षालाई अनिवार्य गर्न उपयुक्त ब्यवस्था गरिने छ ।
- सरकारी विद्यालयमा रहेको शिशु कक्षाहरुलाई सुविधासम्पन्न मन्टेश्वरी कक्षाका रुपमा क्रमश विकसित गरिनेछ । ति कक्षामा अध्यापन गर्ने इसिडि शिक्षकशिक्षिकाहरुलाई समयानुकुल सेवासुविधामा वृद्धि गरिनेछ ।
- प्रविधिमैत्री शिक्षण सिकाईलाई प्रोत्साहन र प्रबर्द्धन गर्न दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ । यसका लागि नेपाल सरकार, प्रदेश सरकारसँगको सहकार्यमा प्राविधिक र स्वरोजगारमूलक शिक्षामा जोड दिइनेछ ।
- सामुदायिक एवम् प्राविधिक विद्यालयहरुको पूर्वाधार विकास तथा शैक्षिक जनशक्तिको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- विद्यालय शिक्षालाई गुणस्तरीय, वैज्ञानिक, व्यावसायिक, सीपमूलक र जीवनोपयोगी बनाउन सामुदायिक विद्यालयको क्षमता विकास तथा पहुँच विस्तार गर्ने नीति लिइनेछ ।क्रमशः अंग्रेजी माध्यममा पठनपाठनको व्यवस्था गरिने छ।
- विद्यालय व्यवस्थापन समिति शिक्षक, अभिभावक बिच अन्तरसम्बन्ध कायम गर्न विशेष पहल गरिनेछ ।
- सामुदायिक शैक्षिक संस्थाको पूर्वाधार, स्थानीय पाठ्यक्रम लगायतका विषयमा समसामयिक सुधार गरी बैज्ञानिक, सिपमूलक तथा गुणस्तरिय शिक्षा प्रदान गर्न सैक्षिक सम्भाव्यता अध्ययन गरि योगनाबद्ध ढंगले कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।
- विद्यालयको पहुँच भन्दा बाहिर रहेका बस्ति तथा समूदायलाई लक्षित गरी आवश्यकता अनुसार वाल विकास केन्द्रहरु स्थापना तथा संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको गुणस्तरीय शिक्षामा सहज पहुँचको सुनिश्चितता एवम् अपाङ्गमैत्री शिक्षण सिकाई प्रविधिमा सुधार गरिनेछ। गा.पा.ले निर्माण गर्ने पूर्वाधारहरु अपाङ्गमैत्री बनाइनेछ ।
- विद्यालयमा स्वास्थ्य शिक्षा, सचेतना, प्राथमिक परीक्षणका लागि स्वास्थ्यकर्मी परिचालन गरिनेछ ।
- ज्येष्ठ नागरिक, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, परिवारबाट विस्थापित, असहाय र सामाजिक वञ्चितिकरण र वहिस्करणमा परेका वर्ग र समूदायको संरक्षण र पुनःस्थापना गरिनेछ ।
- समाजमा आर्थिक तथा सामाजिक रुपमा पछि परेका दलित समुदायको आर्थिक तथा समाजिक विकास तथा स-शक्तिकरण गर्न कानूनी प्रबन्धका अलावा लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी संख्या आवश्यकता र औचित्यता आधारमा विद्यालय करार सेवालाई व्यवस्थित गर्दै लगिनेछ ।

<u>युवा तथा खेलकुद तर्फ</u>

युवाहरु राष्ट्र निर्माणका खम्बा हुन् भन्ने तथ्यलाई महसुस गर्दै यस गाउँपालिकाले युवाकेन्द्रित निम्न कार्यक्रमहरु अगाडि बढाउने छ ।

- युवा नेतृत्व तथा क्षमता विकासका लागि युवाकेन्द्रित कार्यक्रम बनाइने छ ।
- बार्षिकरुपमा सबै बिधा समेटिने गरी पालिकामा बंगलाचुली कप खेलकूद आयोजना गरिने छ ।
- हरेक राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगितामा विजयी हुने यस गाउँपालिकाभित्रका खेलाडीहरुलाई गाउँपालिका तर्फबाट सम्मान गर्ने कार्यक्रम बनाइने छ ।
- हरेक विद्यालयमा वार्षिकरुपले पालिका स्तरीय विभिन्न विधाका अतिरिक्त खेलकूद प्रतियोगिताको आयोजना गरिने छ ।
- वडा तथा टोलस्तरमा विभिन्न विधाका खेलकूद क्लबहरुलाई खेल आयोजनाका लागि प्रोत्साहन गर्न मापदण्ड बनाएर सहयोग गर्ने कार्यक्रम बनाइने छ ।हरेक वडामा खेल मैदानको व्यवस्था गरिने छ ।
- लागु औषध दुर्व्यसनलाई नियन्त्रण तथा निरुत्साहित गर्न युवा क्लवहरुसँगको सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।साथै वढ्दै गईरहेको महिला हिँसा,घरेलु हिँसार यौनजन्य हिँसाको न्यूनिकरण तथा युवाहरुलाई दुर्वेसन बाट टाढा राख्न युवा तथा किशोर किशोरीका लागि आत्मरक्षा,मनोरामर्श र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछन् ।
- गा.पा. को विकास र समृद्धिमा युवाको रचनात्मक योगदान सुनिश्चित गर्न युवाको सर्वाङ्गिण विकास गर्ने नीति लिइनेछ ।गाउँपालिका कप खेलकुद कार्यक्रम आयोजना गरि खेलकुद क्षेत्रको विकास गरिनेछ ।
- नागरिकको श्रम प्रति सम्मान, सामुदायिक कार्यमा स्वयंसेवा गर्न स्वःस्फूर्त रुपमा तयार हुन उत्प्रेरित गर्न श्रममूलक कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ ।निजी क्षेत्रको रोजगारिमा समेत स्थानीय युवा वेरोजगारहरुलाई प्राथमिकता दिने नीति अङ्गिकार गरिनेछ ।
- स्वस्थ र सिर्जनशिल जीवनका लागि खेलकुद, योग, व्यायाम र ध्यानलाई समुदाय तथा विद्यालय तहसम्म अभियानका रुपमा विस्तार गरिनेछ ।

**सभाअध्यक्ष महोदय,**

**<u>पर्यटन तर्फ</u>**

पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका माध्यमबाट रोजगारीको सिर्जना र आर्थिक उपार्जनलाई वृद्धि गरिने छ । यस गाउँपालिका अन्तर्गत पर्यटन प्रवर्द्धन का लागि" **सूर्योदय संगै दृष्यमा हिमचुली ,रमणिय सुन्दर गनतब्य हाम्रो बंगलाचुली "** निम्नलिखित कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- गाउँपालिकामा अर्थतन्त्रलाई चलायमान बनाउन आन्तरिक पर्यटनलाई स्थानीय रोजगारी र आयआर्जनको आधारको रुपमा विकास गर्न बंगलाचुली गाउँपालिकालाई आकर्षक गन्तब्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्र रहेका धार्मिक मठ मन्दिरहरुको जीर्णोद्धार, संरक्षण र प्रवर्द्धन गर्दै पर्यटकीय क्षेत्रको रुपमा विस्तार गरिने छ ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुमा चलचित्र तथा म्युजिक भिडियो निर्माण गर्न चाहनेहरुलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको प्रोफाइल तयार पारी पर्यटनको विकास गर्नका लागि गुरुयोजना निर्माण गरिनेछ । साथै कार्यविधी तयार गरि पारदर्शी र व्यवस्थीत गरिने छ ।
- उद्योग वाणिज्य संघ, यातायात, पत्रकार, ब्यवसायी तथा होटल ब्यवसायीसँग सहकार्य गरी स्थानीय पर्यटकीयस्थलहरुको प्रचारप्रसार गरिने छ ।
- विभिन्न स्थानमा मनोरञ्जन पार्क,चिडिया घर निर्माण तथा सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ । समुदायले यस्ता पार्क सञ्चालन गर्न चाहेमा पार्क पूर्वाधार निर्माणमा अनुदानको ब्यवस्थापन गरिने छ ।
- स्थानीय कला संस्कृतिलाई पर्यटन प्रवद्र्धनसँग जोडिने छ ।
- गाउँपालिकामा पर्यटन सूचना केन्द्रलाई सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका भित्र उपयुक्त स्थानहरुका छनौट गरी कला, संस्कृति र स्थानीय मौलिकतामा आधारित होम स्टे सञ्चालनका लागि स्थानीयलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरुलाई ल्याइनेछ । त्यस्ता होम स्टे सञ्चालन गर्दा गाउँपालिकाले संरक्षकका रुपमा भुमिका निर्वाह गर्नेछ ।
- यस गाउँपालिकामा रहेको प्राचिन महत्व बोकेको गढीलेक,उजा वागेश्वरी मन्दिर र ल्वाँगे भत्कुले सामुदायिक वन क्षेत्रमा पर्यटन विकासका लागि भौतिक पुर्वाधारको विकास गरिनेछ ।भने अन्य वडा नम्वर २,५, र ८ मा रहेका धिमधिमे पर्यटकिय क्षेत्र, बंगलाचुली पार्क, र रानीथुम्की पर्यटकिय क्षेत्रको प्रबर्द्धन गरिनेछ ।साथै विभिन्न प्रचिन गुफाहरुलाई पनि प्रवर्दन गर्दै लगिने छ ।

**<u>जल ,वन ,वातावरण तथा सरसफाई तर्फ</u>**

जीवनका लागि पानी नभई नहुने तत्व हो । अहिले पनि यस गाउँपालिकाभित्र धेरै स्थानमा पिउने पानीको उचित ब्यवस्था हुन सकेको छैन । पशु चौपायलाई पानीको ठूलो अभाव छ ।यसका लागि **" पर्याप्त र स्वच्छ पानी , गाउँपालिकाको लगानी " भन्ने नारा तय गरी पानीमा लगानी वृद्धि गरिने छ ।** सरसफाई र सिंचाइँका लागि पनि पर्याप्त पानी छैन । तसर्थ, खानेपानी, सिंचाई, सरसफाई ,वन र वातावरण संरक्षणका लागि निम्न कार्य अगाडि बढाइने छः

- यस गाउँपालिका भित्र "एक घर,एक धारा " कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । यसका लागि संघिय सरकार , प्रदेश सरकार संगको समन्वयमा खानेपानी आयोजना निर्माणको कामलाई प्रमुख प्राथमिकताका साथ अघि बढाईने छ ।
- उपलब्ध पानीका स्रोतहरु खोला, सोता, झरना, जरुवा, सिमसार क्षेत्रको उचित संरक्षण गरिने छ ।
- आवश्यकता पहिचान गरी संभावित सबै स्थानहरुमा लिफ्ट खानेपानी आयोजनालाई प्राथमिकता साथ अगाडि बढाइने छ ।क्रमागत रुपमा रहेका लिफ्ट खानेपानी आयोजनाहरु जति सक्दो छिटो कार्यसम्पन्न गरिने छ ।
- पानीका स्रोतहरु निर्माण गर्न र संभावित स्थानमा बर्षातको पानी संकलन गरिने छ ।

- पानीका स्रोतहरु, पानीको दिगो उपलब्धता, मरुभूमिकरणको अवस्था र नियन्त्रणसम्बन्धी वैज्ञानिक अध्ययन तथा अनुसन्धान गरी जलीय गुरुयोजना निर्माण गरिने छ ।
- सीमित साधन स्रोतको परिचालन गरी पिउने पानीलाई शुद्धीकरण गरी वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- वन व्यवस्थापन, वन पैदावार, जडिबुटी तथा जैविक विविधताको दिगो संरक्षण गरी रोजगारी श्रृजना र हरित अर्थतन्त्रको विकासमा वन क्षेत्रको उपयोग गरिनेछ ।
- सडक बाटोको दुबैतर्फ सौन्दर्य प्रदायक, सडक सुरक्षा तथा आयमूलक बिरुवाहरुको वृक्षारोपण गरी हरियाली सडक विकास गर्न प्रोत्साहित गरिनेछ।
- सामुदायिक वनलाई आयमूलक रुपमा विकास गरी आय र योजना तर्जुमा प्रक्रियामा आबद्ध गरिनेछ ।
- विभिन्न संघ सँस्था तथा टोल विकास सँस्था, सामुदायिक वनहरुको सहभागितामा भू– क्षय तथा विपदलाई मध्यनजर गरी बृक्षारोपण र तारवार गर्ने गरी व्यवस्था मिलाइनेछ। जीविको पार्जनका लागि वनजंगलको अवधारणालाई सार्थक तुल्याउन गाउँपालिकाभित्र रहेका सामुदायिक वनमा नकारात्मक प्रभाव नपर्ने गरी कार्ययोजना बनाइ सामुदायिक तथा निजी क्षेत्रको लगानीमा फन पार्क, रिसोर्ट र पिकनिक स्थलको स्थापना गरी सञ्चालन गर्ने नीति लिईएको छ।

<u>विद्युतिकरण तर्फ</u>

**यस गाउँपालिका क्षेत्रभित्र पूर्ण विद्युतीकरणका लागि उच्च प्राथमिकताका साथ निम्नलिखित कार्यक्रमहरु अगाडि बढाइने छ ।**

- गाउँपालिका क्षेत्रभित्रका हरेक घर परिवारलाई उज्यालो कार्यक्रम मार्फत जोडिने छ ।
- गाउँपालिकामा हालसम्म विद्युतीकरण हुन नसकेका स्थानमा आगामी ५ वर्ष भित्र विद्युत विस्तार गरिने छ ।
- न्यून भोल्टेजको समस्या भएका स्थानहरुमा विद्युत प्राधिकरणसँग सहकार्य गरी थ्रीफेज तार र ट्रान्सफर्मर जडान गरी समस्या समाधान गरिने छ ।
- राष्ट्रिय विद्युत प्रसारण सञ्जालमा हालसम्म नजोडिएका दुर्गम गाउँहरुलाई जलविद्युत, सौर्य उर्जा, बायोग्यास, वायु उर्जा लगायतका वैकल्पिक उर्जामार्फत विद्युतिकरणका लागि एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र सवस्टेसनको निर्माण गरी कम भोल्टेजको समस्यालाई हल गरिने छ ।

**सभाअध्यक्ष महोदय,**

<u>भौतिक पूर्वाधार निर्माण तर्फ</u>

भौतिक पूर्वाधार गतिशील जीवन, कृषि क्षेत्रको विकास, औद्योगिक विकास, पर्यटन विकासका लागि महत्वपूर्ण आधार हुन् । यस गाउँपालिकामा भौतिक पूर्वाधारको विकासको लागि"**दिगो विकासको आधार,पर्याप्त भौतिक पूर्वाधार"** भन्ने नारा तय गरीनिम्न कार्यहरुलाई विशेष जोड दिईनेछ।ः

- यस गाउँपालिकाको भित्री सडकको रुपमा रहेको वडा नम्बर २मर्पेस खाडा– पुरुङछेडा– फाँटा– बागी– काभ्रे–पन्त टोल–श्रिवारी– दाङबाङ– भुटनेटा हुँदै मुकुर्टी – घरीचौर-लाहापे – कोरईराले- विर्खे- बगरखुट्टी- ठुलोगैरा-झुन्डी – सालबास-हाँसीपुर – मुलाबारी- गहतेरा – जौंलेवाद ( **बंगलाचुली गाउँपालिको रिङ रोड)**जोडने सडकलाई गाउँपालिकाको गौरवको योजनाका रुपमा विकास गरी नियमित गरिनेछ ।
- हालसम्म पनि सडक पुगेका र  पुग्न नसकेका वडाहरुमा  प्राथमिकताका साथ स्तरीय सडक निर्माण गरिने छ ।
- सडक निर्माण गर्दा वातावरणीय पक्षलाई बिशेष ध्यान दिइने छ । स्थानीय उपभोक्ताको सुझाव र सल्लाहअनुसार सडक निर्माण कार्य गरिने छ ।
- निर्माण भइसकेका सडकहरुको नियमित मर्मतमा ध्यान दिइने छ र बाह्रै महिना चल्ने बनाउन पर्याप्त पहल गरिने छ ।

- संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा घोराही–मुर्कुटी सडक पुनः स्तरोन्नती गरी दिगो बनाइने छ भने यो सडकमा चल्ने सिमेन्ट उद्योगका टिप्परको लागि वैकल्पिक मार्गको व्यस्था गरिने छ ।
- संघ, प्रदेश र स्थानीय तहबाट निर्माण गरिने सबै सडकलाई एकिकृत सडक सञ्जालमा आवद्ध हुने गरी सुरक्षित भरपर्दो र गुणस्तरीय सडक पूर्वाधार विकास गर्न सडक तथा यातायात गुरुयोजना अद्यावधिक गरिनेछ ।
- गा.पा. को महत्त्वका सडक तथा पुल निर्माणको कार्यलाई एकीकृत आयोजनाको रुपमा पहल गरिनेछ ।
- विद्यालय, स्वास्थ्यचौकी, हाट बजार र बस्तीमा सहज पहुँच पु¥याउन आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- जटिल प्रकृतिका, आधुनिक उपकरण प्रयोग गरिने र दक्ष जनशक्ति आवश्यकता पर्ने खालका पूर्वाधार निर्माणका कार्यहरु ठेक्कामा लगाई समपन्न गरिनेछ। श्रममा आधारित कामहरु उपभोक्ता समिति मार्फत गर्न क्षमता विकासको तालिम सञ्चालन गरिनेछ।
- स्थलगत योजना सम्झौता कार्यलाई निरन्तरता दिदै प्रत्येक वडामा गठन हुने उपभोक्ता समितिहरुको दलित तथा महिला संयोजक कम्तिमा ३३% कायम गर्ने नीति लिइनेछ।
- **"सुरक्षित घर, सबैको रहर"** भन्ने मुल मन्त्रलाई साकार पार्न अति विपन्न लक्षित वर्ग र समुदायको जीवनस्तर सुधार, सभ्यता विकास र सामाजिक रुपान्तरणका लागि **खरको छानो विस्थापन कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

<u>शुसासन तर्फ</u>

**यस गाउँपालिकामा सुशासन स्थापना गर्न भ्रष्टाचारमा शुन्य सहनशिलता रहने गरी निम्न नीति तथा कार्यक्रम तय गरेको छु ।**

- यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवालाई छिटो, छरितो, भेदभावरहित र पारदर्शी ढंगबाट प्रवाह गरिने छ ।
- गाउँपालिकामा स्थानीयको पहुँच स्थापित गरी गाउँपालिकावासीले आफ्नो गुनासो र परामर्श प्रत्यक्षरुपमा दिनसक्ने गरी बंगलाचुली गाउँपालिकाको आफ्नै रेडियो **"रेडियो बंगलाचुली",गाउँपालिकाको फेसबुक पेज,वेभसाईट मार्फत** तत्काल गुनासो सुनुवाइ तथा ब्यवस्थापनगरिने छ ।
- वडास्तरीय योजना निर्माण, सम्झौता र कार्यान्वयन वडाबाटै हुने ब्यवस्था मिलाइने छ ।
- गाउँपालिकाको विभिन्न स्थानमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरी जनता संग प्रत्यक्ष साक्षात्कार गरिने छ ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा, सुविधा,तालिम,सहयोग आदिको नियमित तथ्याङ्क अभिलेखिकरण गरिने छ ।
- गाउँपालिकाको कामकारबाही, विकास निर्माण तथा सेवा प्रवाहमा नागरिक संलग्नता अभिवृद्धि गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, चुस्त सरल, पारदर्शि र प्रभावकारी बनाई आम नागरिकको गा.पा. प्रति अपनत्त्व र विश्वसनीयता बढाउन सार्वजनिक प्रशासनको नीतिगत, कानुनी, संस्थागत एवम् मनोव्यावहारिक पक्षमा सवलीकरण तथा निरन्तर सुधार गर्दै लगिनेछ ।
- स्थानीय सेवालाई व्यावसायिक, गुणस्तरीय, नागरिक केन्द्रित, परिणाममुखी र समसामयिक बनाउन स्थानीय सेवा सम्बन्धी आवश्यक कानून निर्माण गरिनेछ ।
- सरकारका निकायहरुको आन्तरिक नियन्त्रण प्रणाली तथा सेवा प्रवाहको मापदण्ड तयार गरी लागु गरिनेछ ।
- स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएको हकमा उक्तकार्यलाई व्यवस्थित तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि घर जग्गा बहाल कर सुधार कार्य योजना तयार गरी लागु गरिनेछ।
- हाँसिपुर र बोझपोखरामा बैङ्किङ्ग पहुँच बढाउन शाखारहित(BLB) बैङ्किङ्ग प्रणालिको लागि पहल गरिनेछ ।

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित, प्रविधिमैत्री गराउन व्यक्तिगत घटना दर्ता तथा पञ्जिकरण सुदृढिकरण कार्यक्रमलाई साझेदारी गरिनेछ ।

<u>सामाजिक सुरक्षा तथा न्याय तर्फ</u>

**सभाअध्यक्ष महोदय,**

हरेक नागरिकको सम्मानित जीवनयापन गर्ने नैसर्गिक अधिकार हो । यस परिप्रेक्ष्यमा महिला, बालबालिका, अपांग तथा जेष्ठ नागरिकहरु केन्द्रित निम्नलिखित कार्यक्रमहरु लागू गरिने छ ।

- गाउँपालिकामा रहेका ज्येष्ठ नागरिक, अपांग तथा एकल महिलाहरुले पाउने सामाजिक सुरक्षा भत्ता प्राप्तीलाई सहज बनाउनका लागि वडा स्तरमा 'घुम्ति बैंक सेवा' सञ्चालनमा ल्याइ वडाबाट नै भत्ता वितरण गरिनेछ ।
- गाउँपालिका भित्र रहेका ज्येष्ठ नागरिकका लागि नियमित स्वास्थ्य परीक्षणको ब्यवस्था मिलाइने छ ।
- हरेक टोलमा बालक्लव गठन गरी बालबालिकाको क्षमता विकास र सहभागिता सुनिश्चित गरिने छ । उनीहरुलाई वडा तथा नगरस्तरीय बाल सञ्जालमार्फत विभिन्न सिर्जनशील क्रियाकलापमा जोडिने छ । टोल, वडा र नगरका महत्वपूर्ण नीति निर्माणमा बाल प्रतिनिधित्व सुनिश्चित गरिने छ ।
- यस गाउँपालिकाबाट प्रवाह हुने सबैखाले सेवा सुविधा र अवसरमा कुनै किसिमको विभेद गरिने छैन ।
- गाउँपालिकाभित्रका सबै वडाका महिला तथा दलित महिला सदस्यको क्षमता विकास गरी नेतृत्वमा स्थापित गर्ने नीतिअनुसार तालिम प्रशिक्षणको ब्यवस्था गरिने छ ।
- गाउँपालिकाभित्र हुने लैंगिक हिंसा न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम चलाइने छ भने हिंसापीडितका लागि शीघ्र न्याय निरुपण, पुनरुस्थापना र रोजगारीका कार्यक्रम बनाइने छ ।
- गाउँपालिकाले महिला क्षमता विकास तथा सशक्तिकरणलाई बिशेष कार्यक्रमको रुपमा अघि बढाउने छ ।
- गाउँपालिकाको बालबालिका तथा महिला विकास शाखाबाट प्रदान गरिने तालिमहरुलाई उपलब्धिमूलक बनाई सञ्चालन गरिनेछ र यस कार्यक्रमलाई वडा तथा टोलस्तरसम्म विस्तार गर्दै ब्यापक सहभागिता सुनिश्चित गरिने छ ।
- सामाजिक विभेद तथा जातीय छुवाछुत अन्त्यका लागि बनेको कानूनलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।
- मानव अधिकार प्रबर्द्धन, नागरिकको जीउधन र स्वतन्त्रताको संरक्षण, संविधान प्रदत्त मौलिक हकको प्रत्याभुति र पालिकाभित्र शान्ति सुरक्षा र अमनचयन कायम राख्न आवश्यक कानूनी तथा संस्थागत विकास गरिनेछ ।
- न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ। पदाधिकारी, वडा सचिव, तथा सहायक कर्मचारीको लागि न्यायिक कार्यविधि ऐन तथा सो सँग सम्बन्धित विषयमा तालिम दिई न्यायिक निरुपणको व्यवस्था मिलाइनेछ।.न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्धाहरुको निष्पक्ष छानबिन गरी पिडित पक्षलाई न्यायको प्रत्याभुती हुनेगरी समयमै मुद्धा मामिलाको छिनोफानो गरिनेछ।
- मानवअधिकारका सर्वमान्य सिद्धान्त र मूल्य मान्यतालाई आत्मसात गर्दै मानवअधिकार संरक्षण र प्रबर्द्धनमा अभियानलाई निरन्तरता दिइनेछ ।
- मानव बेचबिखन, घरेलु हिंसा, लागु औषध दुर्व्यसन जस्ता अपराधको मूल कारण पहिचान तथा निदान गर्न समुदायसँगको साझेदारीमा आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रम, सामुदायिक प्रहरी एवम् सुधार केन्द्र संचालन गरी शान्ति, सुरक्षा र अमनचयनको वातावरण निर्माण गरिनेछ ।
- कानून बमोजिम शासन सञ्चालन गर्न प्रत्येक नागरिकलाई चेतनशिल बनाउन आवश्यक पर्ने कानून निर्माण र मौजुदा कानूनको प्रभावकारी कार्यान्वयनका लागि कानूनको साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । विपन्न र हिँसामा परेका पीडितहरुलाई न्यायमा पहुँच वृद्धि गर्न निःशुल्क कानूनी सहायता प्रदान गर्ने व्यवस्था मिलाईनेछ र न्यायिक समितिको कार्यसम्पादनलाई थप सुव्यवस्थित र प्रभावकारी बनाईनेछ ।

- समाजमा विद्यमान रहेका कुरिति, कुसंस्कार, कुप्रथा र सबै प्रकारका विभेद तथा हिँसाको अन्त्य गरी सुरक्षित, सुसंस्कृत र समतामूलक समाज निर्माण गरिनेछ । यसका लागि लागुऔषध उत्पादन, ओसारपसार, बेचविखन, दुर्व्यसन, जुवातास र मद्यपानजस्ता विकृतिलाई निर्मूल गर्न अभियान सञ्चालन गरिनेछ ।
- महिला, किशोर-किशोरी, वालवालिका, दलित, जनजाती उत्थान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जातिय भेदभाव तथा छुवाछुत मुक्त गाउँपालिका बनाउन आवश्यक नीति तथा कार्यक्रम बनाई लागु गरिनेछ ।

<u>भूमि तथा विपद व्यवस्थापन तर्फ</u>

- भूमि सम्बन्धी समस्या समाधान आयोगको नीति अनुरुप भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासीलाई पहिचान, लगत सङ्कलनगरी प्रमाणिकरण गराई लालपूर्जा वितरण गर्ने कार्यलाई अगाडि बढाईनेछ ।
- गा.पा. को भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै विपद् व्यवस्थापनका लागि स्थानीय तह, सुरक्षा निकाय र संघसंस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाइनेछ साथै विपद् व्यवब्थापन कोषमा पर्याप्त बजेटको व्यवस्था गरिनेछ।
- विपद् जोखिम नक्साङ्कन तथा प्रतिकार्य योजनामार्फत नेपाल सरकार, प्रदेश सरकार र गा.पा. तह तथा अन्तराष्ट्रिय संघ/संस्था र निजी क्षेत्रसँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एवम् विपद् स्वयंसेवक परिचालनका कार्यहरु समन्वयात्मक ढङ्गले सम्पादन गरिनेछ ।
- सार्वजनिक जग्गा तथा सम्पतीको पहिचान तथा संरक्षण गरिनेछ ।
- स्थानीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ।

<u>सूचना संचार तथा प्रविधि तर्फ</u>

- आम सञ्चार माध्यमलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले संचालन गरेको**"रेडियो बंगलाचुली"** एफएमलाई थप व्यवस्थित र प्रभावकारी बनाईने छ ।
- जिल्लामा रहेका अन्य संचार माध्यमहरुसंग सहकार्य गर्दै बंगलाचुली गाउँपालिकालाई मिडियामैत्री गाउँपालिकाकोरुपमा विकास गरिने छ । संचारकर्मीको क्षमता विकासका लागि तालिम तथा अन्य विविध कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्युतिय शासनको सोच साकार पार्न गाउँपालिका र मातहतका कार्यालयको कामकाजलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ ।
- गा.पा. को सेवा प्रवाह, सुरक्षा व्यवस्थालगायत अन्य व्यवस्थापकिय कार्यमा विद्युतीय शासन प्रणालीको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ ।
- अध्ययन अनुसन्धान तथा तथ्यमा आधारित नीति, कार्यक्रम तथा योजना छनौट एवम् निर्माण गर्न आवश्यक पर्ने आधारभूत तथ्याङ्क सङ्कलन प्रशोधन भण्डारण र उपयोगका लागि समुचित व्यवस्था गरिनेछ।
- यस गाउँपालिका भित्र टेलिफोन सेवा नभएका गाउँ वस्तिमा संचार पहुँच विस्तार गर्न गरी नेपाल टेलिकम संग समन्वय गरी टेलिकम टावर विस्तार गरिने छ । साथै गाउँपालिका केन्द्र तथा मुख्य बजार क्षेत्रहरुमा ल्याण्डलाईन फोन विस्तारका लागि पहल गरिने छ ।

<u>कला संस्कृतितर्फ</u>

कला तथा संस्कृति कुनै पनि समाजका लागि बहुमूल्य सम्पत्ति त हुन नै, यसका साथै समाजको पहिचान र गौरव पनि हुन् । कला संस्कृति र सम्पदाहरु पर्यटन प्रवर्द्धनका आधार पनि हुन् । बंगलाचुली गाउँपालिकाले स्थानीय कला संस्कृति र सम्पदाको संरक्षणमा"**स्थानीय कला संस्कृति मौलिक पहिचान, गाउँपालिकाको अभियान** "नारा तय गरी निम्न कार्य गरिनेछ ।

- गाउँपालिका भित्र नियमित रुपमा स्थानीय कला संस्कृतिलाई जगेर्ना र प्रवर्धन गर्ने खालका मेला महोत्सवहरुको आयोजना गरिनेछ ।
- गाउँपालिकामा रहेका कलाकार, साहित्यकारहरुको पहिचान गरी उहाँहरुको वृत्तिविकासमा विशेष ध्यान दिइनेछ । सर्जकहरुलाई नियमित सम्मान र पुरस्कारको ब्यवस्था गरिने छ । स्थानीय मौलिक तथा लोपोन्मुख झाँकी, गाथा, वाद्यवादन, नृत्यलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रशिक्षणका साथै विभिन्न विधाका कार्यशाला र प्रतियोगिताहरु सञ्चालन गरिने छ । हरेक वर्ष कला उत्सवको आयोजना गरिने छ ।
- गाउँपालिका पुस्तकालय ब्यवस्थापन तथा सिर्जनात्मक गतिविधिमा आवश्यक सहयोग उपलब्ध गराइने छ ।
- बर्षेनी साहित्यकार तथा सर्जकहरुलाई पुरस्कार र सम्मान गर्ने कार्यक्रम बनाइने छ ।

<u>आर्थिक विकास तर्फ</u>

- गा.पा. को प्राथमिकताका क्षेत्रमा लगानी र प्रतिफलको समन्यायिक वितरणमा जोड दिइनेछ । गा.पा. का महत्त्वका ठुला पूर्वाधार विकास, रोजगारी सिर्जना, कृषि, उद्योग, भौतिक पूर्वाधार र पर्यटनको विकासका लागि सार्वजनिक, निजी र सरकारी क्षेत्रलाई परिचालन गर्ने आर्थिक नीति लिइनेछ ।
- तालिम,सिपविकास,अवसरको सृजना र व्यवसायिकता अभिवृद्धि गर्दै गरिवी निवारण गर्न रविभिन्न निजि क्षेत्र र गैरसरकारी क्षेत्रसंग उपयुक्त साझेदारीमा विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछ।
- वित्तीय साक्षरता, बैङ्किङ्ग प्रणालीमा पहुँच र वित्तीय समावेशीकरण अभिवृद्धि गरिनेछ । नागरिकको बचत वृद्धि गरी स्वरोजगारका अवसर सिर्जना गर्ने अभियान संचालनगर्न अभिप्रेरित गरिनेछ ।
- आन्तरिक श्रोत अभिवृद्धि गर्न अधिकार क्षेत्र अन्तर्गत रहेको राजश्वको दायरा विस्तार तथा कर प्रणालीमा समसामायिक सुधार गरिनेछ । साथै नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदनको एकिकृत स्वचालित प्रणाली विकास र प्रयोगको व्यवस्था मिलाइनेछ ।

<u>सामाजिक सुधार तर्फ</u>

- बंगलाचुली गाउँपालिका भित्र रहेका सामजिक विकृति,कुरिती,रुढीवाद,मध्यपानलाई निरूत्साहित गर्दै लगिने छ । यसका लागि आमा समूह,टोल विकास संस्था,युवा क्लव,वाल क्लवलाई परिचालन गरिने छ ।उत्कृष्ट कार्य गर्ने संघसंस्था तथा टोललाई वर्षेनी सम्मानित गरिने छ ।

**सभाअध्यक्ष महोदय,**

"**मानविय विकास,भौतिक पूर्वाधार र उत्पादनमा लगानी, संमृद्ध बंगलाचुलीको विहानी**"भन्ने नारालाई साकार पार्नका लागि माथि उल्लेखित नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन्।प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिइ योगदान गर्नुहुने राजनैतिक दल, सभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, श्रमजीवीवर्ग, सञ्चारकर्मी, सामाजिक सञ्जाल, विकास साझेदार एवम् गैरसरकारी संघसंस्था लगायत आम बंगलाचुली बासीप्रति आभारी छु ।

यस गाउँपालिकाको समग्र विकास,सवृद्धी र सुशासनका लागि विभिन्न राजनीतिक दल,संघसंस्था,संचारमाध्यम,सामाजिकसंजाल र प्रवुद्ध क्षेत्रबाट लिखित मौखिक रुपमा आएका राय सल्लाह र सुझावलाई यथा सक्य सम्बोधन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु । र आगामि दिनमा यी नीतिहरुको सफल कार्यान्वयनको लागि गाउँपालिकामा क्रियाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, संचारकर्मी, नागरिक समाज लगायत सम्पूर्ण बंगलाचुलीबासी आमा–बुवा, दाजु–भाइ, दिदी–बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु।गाउँपालिकालाई यहाँ सम्म ल्याई पुर्याउन हातेमालो गर्दै सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, समुदाय, सहयोगी हातहरु र सम्पूर्ण बंगलाचुली बासीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु। अन्त्यमा, देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण बंगलाचुली बासीहरु गाउँ विकासमा योगदान गर्नुहुनेछ भन्ने हार्दिक अपेक्षा सहित अनुरोध गर्दछु।

धन्यवाद !!

<u>प्रस्तुतकर्ता</u>

तुल्सीराम पुन मगर

गाउँपालिका अध्यक्ष